# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा "Non Resident Nepali Association (NRNA), Sydney, Australia द्वारा अगष्ट ३० देखि सेप्टेम्बर २, २०१२, तदनुसार २०६९ साल भदौ १४ देखि १७ गते सम्म Sydney, Australia मा आयोजना गरिएको "7th Regional Non-Resident Nepali (NRN) Conference 2012" मा भाग लिई आज भदौ १८ गते स्वदेश फर्कनु भयो ।

उक्त सम्मेलनको उद्घाटन सत्रमा बोल्दै गभर्नर डा. खतिवडाले नेपालमा लगानीको वातावरण सुदृढ बन्दै गएको र गैर आवासीय नेपालीहरुले अपेक्षा गरेका लगानीका लागि आवश्यक संस्थागत व्यवस्था पनि गरिसकिएकोले अब लामो छलफल वा बहसभन्दा ठोस लगानीको आवश्यकता रहेको बताउनु भएको थियो । त्यस्तै उहाँले वैधानिक बाटोबाट विप्रेषण पठाउन पनि आग्रह गर्नु भएको थियो ।

त्यस्तै लगानीका सम्भावना र चुनौती सम्बन्धी सत्रको अध्यक्षता गर्दै उहाँले नेपालमा पर्यटन, विद्युत, व्यावसायिक कृषि, आवास, शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्न आकर्षक वातावरण रहेको र यसका लागि अहिले उपयुक्त समय भएको समेत बताउनु भएको थियो ।

सम्मेलनको समापन सत्रमा सन्देश दिँदै गभर्नर डा. खतिवडाले नेपालका आर्थिक परिसूचकहरु बलिया रहेका, करका दरहरु प्रतिष्पर्धी रहेका, श्रम शक्ति र ज्यालादरहरु अनुकूल रहेका, विदेशी विनिमय प्रणाली पनि उदार बन्दै गएको, पर्याप्त विदेशी मुद्रा सञ्चिति रहेको, मुद्रास्फिति पनि एक अङ्कमा रहेको र पूँजीबजार सुदृढ हुँदै गएकाले लगानीको उच्च प्रतिफलका लागि नेपाल उपयुक्त गन्तव्य हुने कुरा बताउनु भएको थियो ।

उक्त सम्मेलनमा भाग लिन उहाँ भदौ १२ गते त्यसतर्फ प्रस्थान गर्नु भएको थियो ।

२०६९ भदौ १८ गते, सोमबार

गभर्नरको कार्यालय